# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं, कात्तिक २१ गते २०६२ साल (संख्या २९

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको

#### सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद् अन्तर्गत संचालित अपाङ्ग सहायता कोष प्रबन्ध समिति, काठमाडौंको लागि The Corporation of the Presiding Bishop of the Church of Jesus Christ of Letter-day Saints, Salt Lake City, USA बाट नेपाल अपाङ्ग व्यक्तिहरूलाई निःशुल्क वितरण गर्ने प्रयोजनको लागि प्राप्त हुने अमेरिकी डलर ३९,७३५।– मूल्य बराबरको ७५० थान ह्विल चियर र ४७१ थान स्पेयर पार्टसहरू आयात गर्दा १ प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

#### सूचना २

श्री ५ को सरकारले आयकर ऐन, २०५८ को दफा ७२ को उपदफा (२)ले दिएको अधिकार प्रयोग गरी रामेछाप जिल्लाका करदाताहरूको करसम्बन्धी सम्पूर्ण कार्यहरू आन्तरिक राजस्व कार्यालय जनकपुरको सट्टा भक्तपुरले हेर्ने गरी कार्यक्षेत्र तोकेको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी परराष्ट्र मन्त्रालयले छ लाख थान साधारण नेपाली राहदानी टेण्डर प्रक्रियाद्वारा Chan Wanich Security Printing Co. Ltd. Thailand बाट छपाई गरी आयात गर्दा लाग्ने मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ४

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालले एल सी. मार्फत आयात गर्ने देहाय बमोजिमको चिकित्सा उपकरणहरूमा १ प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | सामानहरूको विवरण | संख्या | मूल्य(अमेरिकी डलर) |
|---|---|---|---|
| 1. | C-Arm Image Intensifier | 1 Unit | 73,150/— |
| 2. | Color Doppler Ultrasound and B/W Ultrasound Machine | 1/1 Unit | 1,33,400/— |

## सूचना ५

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान, शिक्षण अस्पतालले UNISSI India Pvt. Ltd. बाट खरिद गर्ने भा. रू. ७०,००,०००/– मूल्य बराबरको Oxygen Concentrator System आयात गर्दा १ प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

322